मिति २०८०।०६।१८ गते राष्ट्रिय किसान आयोगको आयोजनामा "निर्वाचित जनप्रतिनिधि, कृषि संचारकर्मी, कृषि अधिकारकर्मी, सहकारीकर्मी, उत्पादक कृषक र व्यवसायीहरुसँग किसान हक हित अधिकार सुनिश्चितताको लागि बहस कार्यक्रम" कर्णाली प्रदेशको सुर्खेत जिल्लामा आयोगका सदस्य टेक बहादुर बोगटीज्यूको अध्यक्षता र राष्ट्रिय किसान आयोगका नि.सदस्य सचिव श्री दुर्गा प्रसाद पण्डितबाट संचालन भएको थियो। उक्त कार्यक्रममा विशेष अतिथि नेपाली कांग्रेसका प्रमुख सचेतक माननीय हिक्मत बहादुर विष्ट, ने.क.पा. एमालेका प्रमुख संचेतक माननीय टेकराज पछाईज्यू, यसै गरी अतिथिज्यूहरु भेरीगंगा नगरपालिकाका प्रमुख यज्ञ ढकालज्यू, लेकबेशी नगरपालिकाका प्रमुख उमेश कुमार पौडेलज्यू, गुरास गाउँपालिकाका अध्यक्ष टोप बहादुर वि.सी., बराहाताल गा.पा. उपाध्यक्ष लक्ष्मी पुन मगरज्यू, बीरेन्द्रनगर नगररपालिकाका बिभिन्न वडाका वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो। कार्यक्रममा संघ, प्रदेश र स्थानीयतहरुमा कृषि विकासमा सेवा प्रदान गर्ने निकायहरु भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनाल, प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, सुर्खेत, कृषि क्षेत्र विकास कार्यक्रम, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, बीरेन्द्रनगर नगरपालिका कृषि विकास शाखा, किसान संघ संगठन संजालका प्रतिनिधि कृषक समूह, सहकारीका प्रतिनिधिहरु एवं संचारकर्मीहरुको सहभागिता रहेको थियो।

बहस कार्यक्रम संचालन पत्रकार महासंघ, सुर्खेत जिल्लाका सचिव श्री ललित बुढाले गर्नु भयो भने कार्यक्रमको उद्देश्य बारे आयोगका सदस्य श्री टेक बहादुर बोगटीले जानकारी गराउनु भएको थियो। कार्यक्रममा संघ, प्रदेश र स्थानीयतहबाट कृषि सम्बन्धी सेवा प्रवाह के कसरी गरिन्छ भन्ने बारेमा जानकारी गराइएको थियो। उक्त सेवा प्रवाहबारे किसान संघ, संगठन र समूह सहकारीहरुले जिज्ञासा राखु भयो। कार्यक्रममा उपस्थित माननीयज्यूहरु र जनप्रतिनिधिज्यूहरु बाट आफ्नो धारणा राख्ने क्रममा कृषिको नीतिगत, कार्यक्रमगत र संरचनागत क्षेत्रमा सहयोग गर्ने प्रतिबद्धता समेत जनाउनु भयो।

कार्यक्रको अन्तमा कार्यक्रमका अध्यक्ष श्री टेक बहादुर बोगटीज्यूले सहभागीहरुलाई धन्यवाद दिदैं हाल सम्म राष्ट्रिय किसान आयोगले किसानको हक हित र अधिकारको लागि खेलेको भूमिका बारेमा जानकारी दिई सहभागीबाट प्राप्त सुझावहरु लिपिबद्ध गरी सरोकारवाला निकायहरुमा कार्यान्वयनको लागि पहल गरिने जानकारी दिदैं कार्यक्रमको समापन गर्नु भयो।


स्वागतम्


स्वागतम्






निर्वाचित जनप्रतिनिधि, कृषि संचारकर्मी
कृषि अधिकारकर्मी, सहकारीकर्मी
उत्पादक कृषक र व्यवसायीहरूसँग किसान हक
हित अधिकार सुनिश्चितताको लागि बहस कार्यक्रम

